मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

आज उधौली पर्व मनाइँदै : पृष्ठ २

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.



◆ वर्ष : २८ ◆ अङ्क : २१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ मंसीर २२ गते विहीबार (Thursday, December 8. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## महामन्त्री शर्मा मन्त्री नबन्ने घोषणा



**बिर्तामोड, मंसीर २१।** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले तत्काल आफू मन्त्री नबन्ने बताएका छन् ।

झापाको बिर्तामोडमा बुधवार नेपाल प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा महामन्त्री शर्माले मन्त्री बन्ने आफ्नो चाहना नभएको बताएका हुन् ।

अविर र माला सुक्न नपाउँदै खुट्टा उचालेर मन्त्री बन्न नजाने महामन्त्री शर्माले बताए । महामन्त्री शर्माले आफू निर्वाचित भएसँगै आम मतदातालाई धन्यवाद ज्ञापन गरेका छन् ।

उनले मतादाताको विवेकले सांसद छानेको, सांसदको विवेकले संसदीय नेता छान्ने र प्रधानमन्त्री चयन गरिने बताए । मन्त्री छान्ने प्रक्रिया सबै विधि र पद्धतिबाट हुन्छ -उनले भने । प्रत्येक तीन-तीन महिनामा आफू निर्वाचित भएको क्षेत्रमा आउने र विकास निर्माणको कामलाई अघि बढाउनेसमेत उनले बताए । संसद टिकाउनभन्दा पनि संसदलाई पाँच वर्षसम्म जीवन्त राख्न कांग्रेस लागीपर्ने र कांग्रेसको घोषणापत्रमै उल्लेख भए अनुसार काम गर्ने प्रतिबद्धता जनाए ।

नेपाल प्रेस युनियन झापाकी अध्यक्ष इन्दू पूर्वेलीको अध्यक्षतामा भएको कार्यक्रममा झापा क्षेत्र नं. १ को १ बाट निर्वाचित प्रदेश सांसद गोपाल तामाङ र ३ को १ बाट निर्वाचित प्रदेश सांसद भूमि राजवंशीलाई सम्मान गरिएको थियो । प्रेस युनियनकी स्वस्तिका आचार्यले स्वागत गरेको कार्यक्रमको सञ्चालन राजेन्द्र गौतमले गरेका थिए ।

# झापामा ७३ जनाले बुझाए चुनावी खर्च

□ पार्थ मण्डल

**भद्रपुर, मंसीर २१।** झापाबाट प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यमा उठेका उम्मेदवारहरूले जिल्ला निर्वाचन कार्यालय झापामा धमाधम चुनावी खर्च विवरण बुझाउन थालेको छ ।

झापाका ५ निर्वाचन क्षेत्रबाट ९४ जना प्रतिनिधिसभा र ९८ जना प्रदेशसभा गरी १९२ जना उम्मेदवारमध्ये बुधवार दिउँसोसम्म ७३ जनाले चुनावी खर्च विवरण बुझाएको निर्वाचन कार्यालयका सूचना अधिकारी प्रकाश न्यौपानेले जानकारी दिए । जसमा ४० जना प्रतिनिधिसभा र ३३ जना प्रदेशसभा सदस्यतर्फका उम्मेदवार छन् । जिल्लाबाट निर्वाचित पाँच जना प्रतिनिधिसभा र १० जना प्रदेशसभा सदस्यमध्ये हालसम्म तीन जनाले मात्र चुनावी खर्च विवरण बुझाइसकेका छन् ।

झापा क्षेत्र नम्बर ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिमार्फत मङ्गलवार चुनावी खर्च विवरण बुझाएका हुन् । ओलीले चुनावी प्रचार सामग्री छपाइ, यातायात, खाजा खाना, सम्पर्क कार्यालय स्थापना र सञ्चालनलगायत गरी विभिन्न शीर्षकमा १८ लाख ८२ हजार ५० रुपैयाँको चुनावी खर्च विवरण बुझाएको सूचना अधिकारी न्यौपानेले बताए ।




सो क्षेत्रमा प्रतिनिधिसभा सदस्य उम्मेदवारले ३१ लाख रुपैयाँ चुनावमा खर्च गर्न पाउने प्रावधान थियो । त्यस्तै झापा ५ (२)बाट प्रदेश सांसदमा एमालेबाट निर्वाचित होमबहादुर थापा र झापा १ (२) बाट प्रदेश सांसदमा राप्रपाबाट निर्वाचित सबिना बजगाईंले चुनावी खर्च विवरण बुझाएका छन् । थापाले १२ लाख १८ हजार ९३० र बजगाईंले ६ लाख ४८ हजार ५९० रुपैयाँ ३७ पैसा चुनावी खर्च बुझाएको उनले बताए । झापा १ (२) मा १५ लाख र ५ (२)मा १७ लाख चुनावमा खर्च गर्न पाउने प्रावधान थियो । निर्वाचन परिणाम घोषणा भएको ३५ दिनभित्र उम्मेदवारहरूले आफ्नो चुनावी खर्च विवरण बुझाइसक्नु पर्ने प्रावधान छ । सो म्यादभित्र खर्च विवरण नबुझाए निर्वाचन आयोगले जरिवाना गर्नेछ ।

## सवारी दुर्घटनाबाट एक जनाको मृत्यु

**झापा,मंसीर २१।** झापाको कन्काई नगरपालिका-८ स्थित पूर्वपश्चिम महेन्द्र राजमार्गमा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा बिर्तामोड नगरपालिका-१ का २२ बर्षीय ओमप्रकाश राउत रहेका छन् । बुधवार बिहान ६ बजे ना. ३ ख २९०४ नम्बरको ट्रकले प्रदेश १ -०१-०१३ प ४०५२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा घाइते भएका राउतको उपचारको क्रममा बीएण्डसि अस्पताल




बिर्तामोडमा मृत्यु भएको हो । घटनामा संलग्न ट्रक चालक मोरङ पथरी शनिश्चरेका पर्शुराम थापालाई इलाका प्रहरी कार्यालय अनारमनीले नियन्त्रणमा लिई घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## आठ कम्पनीलाई स्पष्टीकरण

**झापा, मंसीर २१।** सार्वजनिक खरिद अनुगमन कार्यालयले आठ निर्माण व्यवसायी र आपूर्तिकर्ता कम्पनीलाई दोस्रोपटक स्पष्टीकरण सोधेको छ ।

ठेक्का सम्झौताअनुसार काम नगर्ने ती कम्पनीलाई कालोसूचीमा राख्न नपर्ने कुनै कारण भए सात दिनभित्र लिखित स्पष्टीकरण पेश गर्न भनिएको हो । सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार हेटौंडा उपमहानगरपालिका-११ मकवानपुरको गुण निर्माण सेवा, काठमाडौंको सिरुवा-कविर-सुनकोशी जेभी, पर्सा जानकीटोल-४ को मुस्कान सप्लायर्स, बानेश्वर-१० को अनुष्ठान कन्स्ट्रक्सन, तीनकुनेको सिरुवा कन्स्ट्रक्सन कम्पनी प्रालि, वीरगञ्जको दिल्ली ट्रेडिङ र चितवनको जयगढी माई निर्माण कन्स्ट्रक्सनलाई स्पष्टीकरण पेश गर्न भनिएको छ ।

यी निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई कालोसूचीमा राख्नका लागि विभिन्न निकायबाट खरिद अनुगमन कार्यालयलाई पत्राचार गरिएको थियो ।

सोही पत्रका आधारमा खरिद अनुगमन कार्यालयले कालोसूचीमा राख्न नपर्ने आधार-प्रमाण भए ३० दिनभित्र लिखित स्पष्टीकरण पेश गर्न भनी यसअघि नै सूचना जारी गरेको थियो । तर यी

(बाँकी अन्तिम पृष्ठमा)

## जग्गा वर्गीकरणको काम तीब्र

**बिर्तामोड, मंसीर २१।** बिर्तामोड नगरपालिकाले जग्गा वर्गीकरणको कामलाई तीव्रता दिएको छ । नगरपालिकामा बुधवार बसेको स्थानीय भू-उपयोग परिषद्को बैठकले केही दिनभित्रमा जग्गा वर्गीकरणको काम सम्पन्न गर्ने विषयमा छलफल गरेको थियो ।

बैठकले बिहीबारदेखि तालिका बनाएर प्राविधिक टोली सहित नगरप्रमुख पवित्रा महतारा प्रसाई र प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपाने सबै वडामा पुग्ने निर्णय गरेको छ ।

आज विहीवार विहान वडा नम्बर २ देखि छलफल शुरु गर्ने तथा बाँकी रहेका कामलाई अघि बढाउने नगरका प्रवक्ता अग्निप्रसाद पाण्डेले जानकारी दिए । बिर्तामोड नगरपालिकाले सबै वडामा यस अघि नै प्राविधिक टोली पठाएर जग्गा वर्गीकरणको काम गरिरहेको छ । नगरप्रमुख पवित्रा महतारा प्रसाईको

(बाँकी अन्तिम पृष्ठमा)

# पराजीत भएसँगै सिटौलाको चर्चा

□ लक्ष्मी उप्रेती

**मेचीनगर, मंसीर २१।** कृष्णप्रसाद सिटौला नेपाली कांग्रेसका नेता हुन् । सिटौलाले बृहत् शान्ति सम्झौताका लागि खेलेको भूमिका महत्वपूर्ण छ ।

बिस्तृत शान्ति सम्झौता दश वर्षभन्दा लामो द्वन्द्वको अन्त्य गरेको घोषणा गर्दै नेपाल सरकार र नेकपा माओवादीले विसं २०६३ मंसीर ५ गते हस्ताक्षर गरेको सम्झौता पत्र हो ।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए । यस सम्झौताले नेकपा (माओवादी) लाई शान्तिपूर्ण राजनीतिमा आउन र सरकारमा सहभागी हुन बाटो खुलेको थियो । तत्कालीन विद्रोही समूह र सरकारबीच दशवर्षे सशस्त्र द्वन्द्व अन्त्य गर्न शान्ति सम्झौता भएको लामो समयपछि बेपत्ता छानबिन र सत्य निरूपणका लागि दुई छुट्टाछुट्टै आयोग बने । तर द्वन्द्वपीडितहरूले अझै आफ्ना मागहरू सम्बोधन नभएको र न्याय नपाएको गुनासो गरिरहेका छन् । तर, पनि शान्ति सम्झौता भन्ने वित्तिकै एकपटक सवैले स्मरण गर्नुपर्ने नाम हो कृष्णप्रसाद सिटौला ।



उनको राजनीतिक यात्रा हेर्ने हो भने बीपी कोइराला मेलमिलाप नीति लिएर भारतबाट नेपाल आएपछि शुरु भएको हो । २०३३ सालमा वीपी कोइराला नेपाल आएपछि उनले कांग्रेसको राजनीतिबारे बुझ्न थाले । २०३५ सालमा वीपी पोखरा जाँदा प्रत्यक्ष भेट भयो, त्यसपछि अझ बढी सक्रिय हुँदै संगठनमा प्रवेश गरे । २०६२/६३ सालको जनान्दोलनमा मात्रै होइन् त्योभन्दा पहिलाको आन्दोलनमा पनि उनी जिम्मेवारीमा थिए ।

पोखरामा हुँदा उनलाई मानिसहरुलाई सत्याग्रहमा ल्याउने जिम्मेवारी थियो । ०४२ सालको सत्याग्रह बमकाण्डपछि बीचमै टुङ्गियो । ०४६ सालको आन्दोलनमा उनी सुदूर पश्चिममा थिए । आन्दोलनमा सहभागिता बढाउने, आन्दोलनकारीको मनोबल बढाउने काम उनले गरे । उनी काठमाण्डौं जिल्लाको जिम्मेवारीमा रहँदा आन्दोलनको बेला पनि थियो । त्यो बेला कांग्रेस नेता गिरिजाप्रसाद कोइराला र सिटौलाबीच आन्दोलन कसरी अघि बढाउने भन्ने बारेमा नियमित छलफल भैरहन्थ्यो । त्यतिवेला काठमाडौं जिल्लाका उपसभापति भीमसेनदास प्रधान र सभापति तीर्थराम डंगोल प्रहरी नियन्त्रणमा रहेकोले सचिवको नाताले जिल्लाको सबै जिम्मेवारी उनले नै सम्हालेका थिए ।

२०४६ सालपछि काठमाडौं पुगेपछि एकाइ तहदेखिको जिम्मेवारी उनलाई प्राप्त भयो । एकाइपछि क्षेत्रीय सचिव भएर काम गरे । त्यसपछि काठमाडौं जिल्ला सदस्य, सचिव, उपाध्यक्ष हुँदै कार्यवाहक सभापति सम्मको जिम्मेवारी उनले प्राप्त गरे । पार्टीको केन्द्रीय तहको जिम्मेवारीमा भने प्रशिक्षण विभाग र शिक्षा विभागमा बसेर काम गर्ने अवसर प्राप्त गरे ।

तत्कालीन कांग्रेस सभापति सुशील कोइरालाले सिटौलालाई पार्टीको महामन्त्रीमा मनोनयन गरे । पार्टीको झापा जिल्ला सभापति हुँदै महामन्त्री समेत बनेका सिटौलाले २०६३ सालमा उपप्रधान तथा गृहमन्त्रीको जिम्मेवारी समेत सम्हाले ।

कोइराला परिवारका नजिकका सिटौला गृहमन्त्री छँदा भएको सुडान घोटालालाई लिएर उनको आलोचना हुने गर्छ । २९ करोड अनियमितता भएको यस घटनाको समयमा उनी प्रहरीको राजनीतिक नेतृत्वमा थिए । नेपाली राजनीतिमा प्रष्टवक्ता, चेतनाका धनी, चतुर राजनीतिज्ञका रूपमा परिचित सिटौलाले संसद् पुग्ने निक्कै अवसर प्राप्त गरे । तर, अधिकाँश चुनाव उनका लागि परिणाममुखी भएनन् । २०४८ सालबाट संसदीय राजनीतिमा नेपाली कांग्रेसको तर्फबाट सक्रिय बनेका सिटौलाको राजनीतिक यात्रा पछिल्लो निर्वाचनले संकटमा पारिदिएको छ । गणतन्त्र स्थापना गर्नका लागि अहम् भूमिका निर्वाह गरेका सिटौला राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनसँग दुई/दुई पटक पराजीत बन्नुले पनि उनको राजनीतिक यात्रा संकटमा परेको हो । २०४८ देखि २०७९ सालसम्ममा भएका ७ वटा निर्वाचनमध्ये २०५०, २०५६ र २०७० को निर्वाचनमात्र जितेका थिए । सिटौला २०४८ सालमा जनपक्षीय उम्मेदवार द्रोणाचार्य क्षेत्री (द्रोणप्रसाद आचार्य)सँग पराजित भए । क्षेत्रीको निधन भएपछि २०५० सालमा ३ नम्बर क्षेत्रमा उपनिर्वाचन भयो जहाँ एमालेका लीला उदासीलाई सिटौलाले पराजित गरे । त्यसवेला उनी ५ महिना सांसद् बने । २०५१ सालको मध्यावधि चुनावमा सिटौला एमालेका पुष्पराज पोखरेलसँग पराजित भए । तर, २०५६ मा एमालेकै नारायण राजवंशीलाई पराजित गर्दै सिटौलाले संसदको ढोका खोले । माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन भूमिका खेलेका सिटौला पहिलो संविधानसभाको निर्वाचनमा नेकपा माओवादी केन्द्रका पूर्णसिहं राजवंशीसँग पराजित भए । २०७० सालमा भएको दोस्रो संविधानसभाको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनलाई पराजित गर्दै चुनाव जितेर सांसद बने । त्यसबेला उनी संविधान मस्यौदा समितिमा सभापति भएका थिए ।

२०७४ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा सिटौला उनै लिङ्देनसँग नराम्ररी पराजित भए । त्यसवेला लिङ्देनको सारथि नेकपा एमाले थियो । २०७० सालको निर्वाचनमा


(बाँकी अन्तिम पृष्ठमा)

## सूचना ! सूचना !! सूचना !!!

यही मिति २०७९ साल मंसीर २१ गते आइतवारदेखि शुरु भइ मंसीर २९ गते समापन हुने गरी अर्जुनधारा-५, लक्ष्मीपुर, विहीवारेस्थित नवदुर्गा पाञ्चायतन मन्दिरमा पं. रघुनाथ रिमालको प्रमुख व्यासत्व, पं. लक्ष्मीप्रसाद पोखरेल, पं. हरि नेपाल, पं. भरत अधिकारीको उपव्यासत्वमा श्रीमद् पद्म महापुराणको आयोजना गरिएकोले सो अवसरमा पुराणमा उपस्थितिका लागि जग्गादाताज्यूहरु, संस्थापक सदस्यज्यूहरु, सम्मानार्थ सदस्यज्यूहरु, मानार्थ सदस्यज्यूहरु, अक्षयकोषदाताज्यूहरु, आजीवन सदस्यज्यूहरु, विभिन्न संघ-संस्थाहरु लगायत धर्मानुरागी महानुभावहरुलाई निमन्त्रण पत्र पठाइसकिएको छ । समयमा पत्र प्राप्त नभए यसै सूचनालाई आधार मानी सो अवसरमा उपस्थित भइ दिनु हनु सादर आमन्त्रणा गर्दछौं ।

**पुराण आयोजक समिति**

अर्जुनधारा नपा-५, विहीवारे, लक्ष्मीपुर झापा



# विवाह वर्षगाँठमा पत्रकार उपचार कोषलाई भट्टराई दम्पत्तिको १ लाख १ हजार सहयोग

**बिर्तामोड मंसीर २१।** बिर्तामोडका व्यवसायी तथा सामाजिक अभियन्ता निर्मल भट्टराई र सुमित्रा भट्टराईले पत्रकार सहारा उपचार कोषलाई एक लाख एक हजार सहयोग गरेका छन् ।

नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको पत्रकार उपचार कोषमा भट्टराई दम्पत्तिले आफ्नो विवाह वर्षगाँठको अवसर पारी ५१ हजार प्रदान गरेका छन् । यसअघि उनले ५० हजार प्रदान गरेका थिए । बुधबार एक कार्यक्रमकावीच भट्टराई दम्पत्तिले पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलाई उक्त रकम हस्तान्तरण गरे ।

नेपाल अलैंची व्यवसायी महासंघका केन्द्रीय अध्यक्षसमेत रहेका भट्टराईले पत्रकारको सामाजिक सुरक्षा र दीगो हित गर्ने उद्देश्यले स्थापित पत्रकार उपचार कोषमा सहयोग गर्न पाउँदा खुशी लागेको बताए । नागरिकलाई सुसूचित गराउन अहोरात्र खटिने पत्रकारहरुलाई घाइते र विरामी हुँदा उपचार खर्च दिने पत्रकार उपचार कोषको प्रशंसा गर्दै भट्टराईले उक्त अक्षयकोषलाई लक्ष्य अनुसार एक करोडको पुऱ्याउन आफ्नो तर्फबाट सहयोग गरेको बताए । झापाली पत्रकारको सामाजिक सुरक्षा र दीगो हितका लागि पत्रकार महासंघले उदाहरणीय कार्य गरेको भन्दै भट्टराईले प्रशंसा गरेका थिए । भट्टराई वीरता जेसीज तथा रोटरी क्लवका पूर्व अध्यक्षसमेत हुन् । सुमित्रा भट्टराई वीरता लेडी जेसीजकी कोषाध्यक्ष हुन् ।



महासंघका अध्यक्ष गिरीले वैवाहिक वर्षगाँठको अवसरमा भट्टराई दम्पत्तिलाई खादा पहिर्‍याएर बधाई तथा शुभकामना दिँदै कोषमा सहयोग गरेकोमा धन्यवाद ज्ञापन गरे ।

महासंघ झापा शाखाले स्थापना गरेको उपचार कोष एक करोड रुपैयाँ पुऱ्याउने लक्ष्य राखिएको छ । कोषको व्याजबाट पत्रकारहरु विरामी तथा दुर्घटनामा घाइते हुँदा उपचार सहयोग प्रदान गरिँदै आएको छ । कोषमा हाल करिब ६५ लाख जम्मा भएको छ ।

रकम हस्तान्तरण कार्यक्रममा भट्टराईकी आमा मायादेवी तथा पत्रकार महासंघ झापाकी उपाध्यक्ष सुशीला संग्रौला, सहसचिव अर्जुन राजवंशी, कोषाध्यक्ष रञ्जित प्रसाई, कार्यसमिति सदस्य बिनोद पाण्डे, पत्रकारहरु अनिल ढुंगाना, अनुषा चुडाल, सन्तोष न्यौपाने, बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष सञ्जीव घिमिरे लगायतको उपस्थिति थियो ।

# ४५ प्रतिशत मत कम्युनिस्टलाई, कांग्रेस ठूलो दल

**काठमाडौं, मंसीर २१।** निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचनमा दलहरूले पाएको अन्तिम सिट संख्या प्रकाशन गरेको छ ।

आयोगले प्रकाशन गरेको निर्वाचन परिणामअनुसार सबैभन्दा धेरै मत कम्युनिस्ट पार्टीहरूले पाएका छन्, तर सबैभन्दा ठूलो दल नेपाली कांग्रेस बनेको छ ।

पाँचवटा कम्युनिस्ट पार्टी र ती दलनिकट स्वतन्त्र उम्मेदवारहरूले ४५ प्रतिशतभन्दा बढी मत पाएका छन् । कांग्रेसले ३२ प्रतिशतभन्दा बढी मत पाएको छ । कांग्रेसले प्रत्यक्षमा ५७ र समानुपातिकमा ३२ गरेर ८९ सिट पाएको निर्वाचन आयोगले जनाएको छ ।

कम्युनिस्ट शक्तिहरूमध्ये सबैभन्दा धेरै मत नेकपा एमालेले पाएको छ । एमालेले प्रत्यक्षतर्फ ४४ र समानुपातिक तर्फ ३४ सिट पाएको छ । नेकपा माओवादी केन्द्रले प्रत्यक्षमा १८ र समानुपातिकमा १४ सिट पाएर प्रतिनिधिसभामा तेस्रो ठूलो शक्ति बनेको छ ।

प्रत्यक्षतर्फ १० सिट जितेको एकीकृत समाजवादीले समानुपातिकतर्फ तीन प्रतिशत मत नकटाउँदा समानुपातिकतर्फ सिट पाएन । समानुपातिकतर्फ तीन प्रतिशतभन्दा कम मत सिट विभाजनमा गणना नहुने व्यवस्था छ । एकीकृत समाजवादीले पाएको २,९८,३९१ मत करिब तीन सिटका लागि पर्याप्त हुनसक्थ्यो ।

यसबाहेक राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीले पनि प्रत्यक्षमा एक/एक सिट पाएका छन् । पाँचजना स्वतन्त्रमध्ये तीन जना कम्युनिस्ट पृष्ठभूमिका छन् ।

यी सबै कम्युनिस्ट दलहरू र ती दल निकट स्वतन्त्र उम्मेदवारहरूको मत जोड्दा १२५ हुन्छ । यो सङ्ख्या २७५ सदस्यीय प्रतिनिधिसभाको झण्डै आधा हो ।

**एमाले खुम्चियो, राप्रपा फस्टायो**

अघिल्लो निर्वाचनको तुलनामा यो निर्वाचनमा सबैभन्दा धेरै क्षति एमालेले बेहोरेको देखिन्छ ।

विसं २०७४ को निर्वाचनमा १२१ सिट पाएको एमालेले यो पटक ७८ सिटमा चित्त बुझाउनु पर्‍यो । अघिल्लो पटक एमाले र माओवादीले गठबन्धन गरेर चुनावमा भाग लिँदा अधिकांश स्थानमा जित हासिल गरेका थिए । यसबीचमा एमाले विभाजित भएर एकीकृत समाजवादी पार्टी समेत बनेको छ । यसअघि ६३ सिट जितेको कांग्रेसले यो निर्वाचनमा ८९ सिट हासिल गरेको छ । यो निर्वाचनबाट सातवटा पार्टी प्रत्यक्षमा कम्तीमा एक सिट र समानुपातिकतर्फ तीन प्रतिशत मत पाएर राष्ट्रिय दल बनेका छन् ।

प्रत्यक्षतर्फ कांग्रेसले सबैभन्दा धेरै र समानुपातिकतर्फ एमालेले सबैभन्दा धेरै सिट जितेका छन् । दुवैतर्फ तेस्रो माओवादी बने पनि अघिल्लो निर्वाचनको तुलनामा माओवादीले पाएको सिट सङ्ख्या घटेको छ । अघिल्लो निर्वाचनमा ५३ सिट पाएको माओवादी यो निर्वाचनमा ३२ सिटमा खुम्चिएको छ ।

**रास्वपा चौथो ठूलो शक्ति**

नयाँ उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी यो निर्वाचनमा चौथो ठूलो शक्ति भएको छ । पूर्व सञ्चारकर्मी रवि लामिछाने नेतृत्वको यो दलले २० सिट पाएको छ । अघिल्लो संसद्मा एक सिट मात्रै जितेको राष्ट्रिय प्रजातन्त्र पार्टी यो निर्वाचनबाट १४ सिटसहित पाँचौं ठूलो दल बनेको छ ।

प्रत्यक्षमा सात सिट जितेको जनता समाजवादी पार्टीले समानुपातिकमा पाँच सहित १२ सिट पाएर छैटौं ठूलो दल बनेको छ । उपेन्द्र यादव नेतृत्वको यो दल अघिल्लो निर्वाचनमा चुनाव जितेका राष्ट्रिय जनता पार्टी र सङ्घीय समाजवादी फोरम नेपालबीचको एकता र पुनः विभाजनपछि बनेको दल हो ।

यी दुईवटा दलहरू अघिल्लो निर्वाचनमा चौथो र पाँचौं ठूलो शक्ति थिए । जसपा विभाजनबाट बनेको लोकतान्त्रिक समाजवादी पार्टीले प्रत्यक्षमा चार सिट पाए पनि समानुपातिकतर्फ राष्ट्रिय दल बन्न सकेन ।

# जन्मोत्सवमा ४२ जना विद्यार्थीलाई ट्र्याक सुट



**अर्जुनधारा,मंसीर २१।** आफ्नो जन्मोत्सव विभिन्न शैलीबाट मनाउने चलन अनुसार झापाको अर्जुनधारा नगरपालिका-६स्थित नारायणप्रसाद खनालको परिवारले सामाजिक कार्य गरी मनाएको छ ।

नारायणप्रसादको ८३औं र नारायणप्रसादकी नातिनी समृद्धिको पाँचौं जन्मोत्सवको सन्दर्भमा उनको परिवारले बुधबार एक कार्यक्रमका बीच सोही नगरपालिका-७ स्थित अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई ट्र्याक सुट वितरण गर्दै जन्मोत्सव मनाएको हो ।

बालकक्षाकी निकिता मण्डललाई ट्र्याक सुट वितरण गर्दै उद्घाटन गरिएको कार्यक्रममा ४२ जना विद्यार्थीलाई ट्र्याक सुट वितरण गरिएको नगरपालिकाका सूचना प्रविधि शाखा प्रमुख एवम् दाता परिवारका सदस्य विनोद खनालले जानकारी दिए ।

वडाध्यक्ष एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्दप्रसाद खतिवडाको अध्यक्षतामा आयोजित कार्यक्रममा दाता परिवारका सदस्य एवम् विद्यालयका शिक्षक मनप्रसाद खनालले कार्यक्रमको औचित्य माथि प्रकाश पारेका थिए ।

नगर शिक्षा शाखाकी अधिकृत सुनिता भट्टराईलगायतले मन्तव्य राखेको कार्यक्रममा प्रधानाध्यापक कृष्णप्रसाद भट्टराईले स्वागत र शिक्षक गीता अधिकारीले कार्यक्रमको सञ्चालन गरेकी थिइन् ।

# शिक्षा सुधारका लागि पाँच अर्ब बढी अनुदान

**झापा, मंसीर २१।** सरकारले विद्यालय शिक्षा क्षेत्र आयोजनाका लागि फिनल्याण्ड र नर्वे सरकारबाट प्राप्त हुने पाँच अर्ब ११ करोड अनुदान स्वीकार गर्ने भएको छ ।

सो अनुदानमध्ये फिनल्यान्ड सरकारबाट करिब रु. दुई अर्ब ५४ करोड र नर्वे सरकारबाट करिब रु. दुई अर्ब ५७ करोड प्राप्त हुनेछ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार मङ्गलबारको मन्त्रिपरिषद्को बैठकले पोलियो भाइरस खोपको क्लिनिकल ट्रयालका लागि अनुमति दिने निर्णयसमेत गरेको छ । नगद लेखाप्रणालीमा आधारित वित्तीय प्रतिवेदनका लागि संशोधित नेपाल सार्वजनिक क्षेत्र लेखामान नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा कार्यान्वयनमा ल्याउन स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

बैठकले कर्मचारी सञ्चय कोषको प्रशासकमा जीतेन्द्र धिताल (गोरखा)लाई नियुक्त गर्ने निर्णय गरेको छ । नेपाल सरकारद्वारा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बुधवार आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक हितका लागि आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने सूचना राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको जानकारी दिइयो ।

सरकारले किमाथाङ्का अरुण जलविद्युत्, धौवादी-मेघौली १३२ केभी प्रशारण आयोजना, लेखनाथ-दमौली २२० केभी प्रशारण आयोजना र मर्स्याङ्दी जलविद्युत् केन्द्रका लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही अघि चलाउने अधिकारी तोक्नेसमेत निर्णय गरेको छ । बैठकले सेती नदी जलविद्युत् आयोजना, तनहुँ जलविद्युत् आयोजनाको २२० केभी प्रशारण लाइन, टक्सार पिखुवा खोला जलविद्युत् आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने निर्णय गरेको छ ।

यसैगरी दूधपोखरी चेपे, माथिल्लो आँखुखोला, मेवा खोला, सुपर चेपे जलविद्युत् आयोजना तथा जलपादेवी केवलकार आयोजनाका लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्न दिने निर्णय भएको छ । सरकारले सिङ्गापुरमा हुने १७औँ एसिया तथा प्रशान्त क्षेत्रीय बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालको नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृत दिएको छ ।

## पराजीत ...

सिटौला १४ हजार ३ सय ५५ मत र लिङ्देनले ९ हजार २ सय ५३ मत ल्याएका थिए । तर, २०७४ सालमा सम्पन्न पहिलो प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा सिटौलासँग लिङ्देनले बदला लिदैं नराम्ररी पराजित गरे । २०७४ मा भएको निर्वाचनमा यो क्षेत्रबाट लिङ्देनले सिटौलालाई १३ हजारभन्दा बढीको मतान्तरले पराजित गरेका थिए । सिटौलाले ३१ हजार १ सय ७१ मत ल्याउँदा लिङ्देन ४४ हजार ६ सय १४ मत ल्याएर विजयी भए । यद्यपि लिङ्देनलाई तत्कालीन एमाले-माओवादी केन्द्रको वाम गठबन्धनको सहयोग रहेको थियो । ४ मंसीरमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनको परिणाम समेत सिटौलाको पक्षमा देखिएन । लिङ्देनसँगको निर्वाचन जित्न नसक्दा सदनको ढोका उनका लागि पाँच वर्ष बन्द भयो । लिङ्देनले ४० हजार ६ सय ६२ मत प्राप्त गरेर सांसद बन्दा सिटौला ३७ हजार ३ सय ८६ मा सीमित भए ।

राष्ट्रिय राजनीतिमा आफ्नो छुट्टै पहिचान बनाएपनि झापा क्षेत्र नम्बर ३ का मतदाताको मन जित्न नसक्दा उनी दुईपटक नै नराम्ररी पराजित भए । उनको पराजयमा एमाले र राप्रपाको राजनीतिक गठबन्धन पनि बाधक बन्यो । पार्टीभित्र गुटको राजनीति गर्न खप्पिस नेताको आरोप लाग्ने गरेका सिटौलाले यस पटक भने महामन्त्री विश्वप्रकाश शर्मासँग मिलेर अगाडि बढ्ने नीति लिए पनि मतदाताले विश्वास नगर्दा उनी पराजीत हुन पुगे ।

## जग्गा..

अध्यक्षतामा बसेको बैठकमा प्रमुख प्रशासकीय अधिकृत न्यौपाने, सबै वडाका वडाध्यक्षहरु, कार्यपालिका सदस्य लगायतको उपस्थिति रहेको थियो । नगरपालिकाले सबै वडामा स्थानीय भू-उपयोग परिषद्को वडा समितिसमेत यस अघि नै गठन गरिसकेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भू-उपयोग नियमावली २०७९ जारी गरेसंगै जग्गा वर्गीकरणको काम अघि बढाउन देशभरका पालिकाहरुलाई निर्देशन दिएको थियो ।

नियमअनुसार अब नेपालका जग्गाहरू विभिन्न १० खाले समूहमा वर्गीकरण हुने छन् । त्यसरी वर्गीकरण गरिएका समूहमा कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व र नेपाल सरकारबाट आवश्यकताअनुसार तोकिएका अन्य क्षेत्र रहेका छन् ।

## आठ..

कम्पनीले हालसम्म पनि लिखित स्पष्टीकरण पेश नगरेकाले दोस्रोपटक स्पष्टीकरण सोधिएको जनाइएको छ ।

ठेक्का सम्झौताअनुसार काम नगर्ने यी कम्पनीसित सात दिनभित्र लिखित स्पष्टीकरण मागिएको छ । स्पष्टीकरण चित्तबुझ्दो नआएमा कालोसूचीमा राखिने कार्यालयले जनाएको छ ।

# बिहीबारेमा पद्म महापुराण उद्घाटन

**लक्ष्मीपुर, मंसीर २१ ।** अर्जुनधारा ५, लक्ष्मीपुरस्थित नवदुर्गा पाञ्चायतन मन्दिर बिहीबारेमा श्रीमद् पद्म महापुराण शुभारम्भ भएको छ ।

मन्दिर परिसरको नवदुर्गा सामुदायिक भवनमा आइतवार एक विशेष समारोहको आयोजना गरी अनुष्ठान उद्घाटन गरिएको हो । पुराणका संयोजक रुद्र ओलीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेव गोम्देनको प्रमुख आतिथ्य रहेको थियो ।

कलशयात्रापछि सम्पन्न सो उद्घाटन कार्यक्रममा अर्जुनधारा नपा वडा नं. ५ का वडाध्यक्ष गिरिराज खड्का, कनकाई नपा वडा नं ८ का वडाध्यक्ष लीलाबहादुर कटुवाल, भानु मावि विव्यस अध्यक्ष लक्ष्मी न्यौपाने, गोपालकृष्ण थापा, भीमवहादुर खड्का, इन्द्रमणि पौडेल, सुनिता सिग्देल, देवराज वुढाथोकी, छविलाल लम्साल, देवराज लामा, लगायतले शुभकामना मन्तव्य राखेका थिए । सो अनुष्ठानमा व्यासाचार्य पं. रघुनाथ रिमालको प्रमुख व्यासत्व, तथा पं.लक्ष्मीप्रसाद पोखरेल, पं.हरि नेपाल र पं.भरत अधिकारीको उपव्यासत्व रहेको छ । मन्दिरको अठारौं वार्षिकोत्सवको अवसरमा आयोजित यो १७ औं महापुराण हो । मन्दिरमा १८ महापुराणसम्म



आयोजना गरिने जनाइएको छ ।

हरेक वर्ष आयोजना गरिँदै आएको महापुराणवाट संकलित रकमले नवदुर्गा पांचायतन मन्दिरको स्तरोन्नति, नवदुर्गा सामुदायिक भवन निर्माण कार्य सम्पन्न गरिसकिएको छ । साथै सामाजिक, धार्मिक एवम् आध्यात्मिक जागरणका कार्यक्रम भइरहेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।

१८ पुराणको आयोजना पछि मन्दिरलाई धामको रुपमा विकास गर्ने लक्ष्य लिएको वताइएको छ । पुराण सञ्चालनको लागि ११ सदस्यीय समिति गठन गरिएको छ । एलवहादुर गिरीले स्वागत गरेको कार्यक्रमको सञ्चालन तेजकुमार गिरीले गरेका थिए ।

# कृषि बिकास बैंकद्वारा किसानलाई कार्ड वितरण

☐ **उमानाथ भण्डारी**

**कमल, मंसीर २१।** कृषि बिकास बैंक लिमिटेड दमक शाखाले बुधवार एक कार्यक्रमका बीच किसानलाई कार्ड वितरण गरेको छ ।

झापाको कमल गाउँपालिका -२ स्थित टंक आईपिएम कृषि फार्मको प्राङ्गणमा आयोजित कार्यक्रममा कृषि विकास बैंक १ नम्वर प्रदेशका निर्देशक रञ्जन खनाल र दमक शाखाका प्रबन्धक पर्शुराम बुढाथोकीले संयुक्तरुपमा किसानलाई कार्ड वितरण गरेका हुन् ।

किसान कार्डको माध्यमबाट बैंकले तोकेको आधिकारिक ब्यापारीबाट कृषकले कृषि सम्बन्धी सम्पूर्ण सामान खरिद गर्न सक्नेछन् भने आफूसँग कृषि बिकासमा कार्डको माध्यमबाट रकम सिधै जम्मा गर्न सक्ने छन् । यसका लागि सम्बन्धित कृषकको बैंकमा खाता खालेको हुनु पर्नेछ भने खातामा बैंकले तोकेको निश्चित रकम समेत हुनु पर्नेछ ।

कार्डको माध्यमबाट किसानले बैंकले तोकेको आधिकारिक विक्रेतामार्फत सहज तरिकाले आवश्यक पर्ने कृषि तथा पशुपालन सम्बन्धी सामान खरिद गर्न र उत्पादित बस्तु बिक्री गरे तुरुन्तै पैसा लिन सक्नेछन् ।

नेपाल सरकारले आर्थिक वर्ष २०७८/०७९ मा किसानलाई किसान कार्ड वितरण गर्ने भनेर बजेटमै व्यवस्था गरे अनुसार कृषि विकास बैंकले पहिलो पटक किसान कार्ड वितरण शुरु गरेको हो । कार्डका कारण बैंकले तोकेको आधिकारिक डिपो पनि गाउँमै भएकोले सामान खरिद गर्न बजार पुग्नु पर्ने समय र खर्च समेत बचत भएको कमल गाउँपालिका- १ का कृषक भीष्म सुवेदीले बताए । कृषकका लागि कार्ड धेरै उपयोगी भएको कमल गाउँपालिका -१ की कृषक देबीमाया पौडेलले बताइन् ।




बैंकले पहिलोपटक कमल गाउँपालिकाका ८३ जना कृषकलाई कार्ड वितरण गरेको छ भने इलामको चुलाचुली गाउँपालिकाका ५५ जनालाई वितरणको अन्तिम तयारीमा पुगेको जनाएको छ । बाँकी स्थानमा समेत क्रमशः वितरण गर्दै जाने कृषि विकास बैंक दमक शाखाका गोपाल बुढाथोकीले जानकारी दिए ।

## घर बिक्रीमा

बिर्तामोडस्थित पाथीभरा टोल शनिश्चरेरोड हाइवेले छोएको १८ धुर जग्गामा बनेको साढे ४ तलाको कमर्सीयल घर तु-बिक्रीमा छ ।
सम्पर्क :- ९८६५४२३३७८

## जग्गा बिक्रीमा

अर्जुनधारा-७ रमाइलो वस्तीमा रहेको ५ कठ्ठा जग्गा तु- बिक्रीमा रहेको छ । मूल्य: ३,५०,०००/-
सम्पर्क :- ९८१५०१४६४७

## कर्मचारी आवश्यकता

कुक : ५ जना
सेफ : ५ जना
तलब : आपसी समझदारीमाम
सम्पर्क :- ९८०१४००५७४
९८५२६६६५२६

## WANTED

Light Driver Wanted for Montessori School in Birtamode Area.
Contact: 9804998590, 9823437454

## घर जग्गा बिक्रीमा

बिर्तामोड नपा वडा नं. १ सिनेप्लाजाबाट पश्चिम खानेपानी टेङ्की जाने पिचरोडको पश्चिमपट्टी छ धुर जग्गामा बनेको टिनको छाना भएको घरजग्गा बिक्रीमा रहेको हुँदा आवश्यक पर्ने महानुभावले सम्पर्क गर्नु होला । मो. नं. ९८१४००७३५७

## हार्दिक बधाई



जेसी संगीता गिरी

नेपाल दशनामी समाज बिर्तामोड नगर समिति सदस्य संगीता गिरी वीरता लेडी जेसीजको सन् २०२३को लागि गरिमामय अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँ लगायत सम्पूर्ण निर्वाचित समितिको कार्यकाल सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

उद्धव पुरीः सचिव अर्जुन गिरीः अध्यक्ष
एवम् नेपाल दशनामी समाज बिर्तामोड नगर कार्य समिति परिवार, बिर्तामोड, झापा

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# महिला सम्मान, समृद्धिको आधार

**यतिबेला लैङ्गिक हिंसाबिरुद्धको अभियानका कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । संयुक्त राष्ट्रसंघको आह्वानमा प्रत्येक वर्ष मंसीर ९ देखि २२ गतेसम्म सञ्चालन हुने अभियानको उद्देश्य महिलामाथिको हिंसा र महिला भएकै कारण हुने गरेको विभेद तथा अन्यायको अन्त्य गरी उनीहरुलाई सशक्तिकरण गर्दै राष्ट्रको मूल प्रवाहमा पुरुषसँगै हिँडाउनु हो । हाम्रो जस्तो देशहरुमा अहिले पनि महिलामाथि सामाजिक, आर्थिक, मानसिक तथा शारीरिक शोषण र विभेद भइरहेको छ । महिला हिंसा केवल वयस्क माथि मात्र होइन बालिका, किशोरी तथा वृद्धाहरु माथि भइरहेका घटनाहरु दिनहुँ सार्वजनिक भइरहेका छन् । हाम्रो सामाजिक संरचना, धार्मिक, राजनीतिक र आर्थिक ढाँचाले पनि महिला हिंसालाई बढावा दिइरहेको कतिपय अनुसन्धानको निष्कर्ष छ ।**

**प्रत्येक वर्ष अंग्रेजी तारिख नोभेम्वर २५ देखि डिसेम्वर १० सम्म सञ्चालन हुने अभियानले मात्र विद्यमान महिला हिंसाको श्रृंखलालाई रोक्न सक्दैन । नेपालको संविधानले नै लैङ्गिक हिसाबले कसैलाई भेदभाव नहुने भन्दै समानताको प्रत्याभूति गरेको छ । यस अनुसार महिलाबिरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै प्रकारको हिंसाजन्य कार्य वा शोषण गर्न पाईँदैन । तर, नेपालकै सन्दर्भमा प्रत्येक चारमध्ये एकजना महिलाले महिला भएकै कारण हिंसा व्यहोर्नु परेको अध्ययनले देखाएको छ । आजको युगमा पनि महिलामाथि विभेद हुनु, अन्याय, शोषण र हिंसा हुनु कुनै पनि अर्थमा जायज होइन ।**

**महिलामाथि हिंसाको अन्त्य गर्दै सबै सामाजिक लगायतका विषयहरुमा पहुँच विस्तार गर्दै सामर्थ्यले पनि सशक्त बनाउने अभियान चलिरहेको बेला देशको राजधानी मै एक युवतीले आत्मदाह गरेको घटना सार्वजनिक भएको छ । सचेत मात्रै होइन औपचारिक ज्ञानले पूर्ण भइसकेकी युवती आधुनिकताले भित्र्याएको प्रचलनका कारण आत्मदाह जस्तो अमानवीय र कठोर निर्णय गर्न पुगिन् शायद । विवाहको विधि पुर्‍याइसकेर बाक्लो भेटघाट, उठबस गर्ने आधुनिक व्यवहारले हुनसक्छ उनीहरुका बीच असमझदारी बढायो । परिणाम विवाह रद्द गर्ने युवक पक्षको निर्णयले चरम मानसिक यातना पाएकी उनले बदला लिनकै लागि युवककै सामुन्ने पेट्रोल छर्किएर आगो लगाइन् । यस्तै हत्याको घटना भएको छ धरानमा पनि । अभियान सञ्चालन भइरहेका समयमा भएका यी दुई घटना प्रतिनिधि घटना हुन् जसले हाम्रो समाज र समाज व्यवस्था कता गइरहेको छ भन्ने संकेत गरेको छ ।**

**पेट्रोल छर्केर आफूलाई जलाउने युवतीले विवाह टुटेका कारण अपमानित महशुस गरिन् । त्यसले आवेग उत्पन्न गर्‍यो, जसको समाधानका लागि आत्मदाह जस्तो कठोर निर्णय गर्न पुगिन् । त्यसैले अभियान सञ्चालन भइरहँदा हाम्रा बदलिएका, जबर्जस्ती अनुशरण गर्न थालिएका कतिपय प्रचलन पनि दोषी छन् कि समीक्षा गर्ने बेला भएको छ । कसैले पनि अकालमा ज्यान गुमाउनु नपरोस्, कुनै प्रकारको विभेद वा अन्याय सहन गर्नु नपरोस्, अभियानकर्मीहरुको पनि ध्यान जानुपर्छ । महिलालाई सम्मान नगरेसम्म न परिवार विकसित हुन्छ न समाज न त देश । सम्पूर्ण समृद्धिको आधार र प्रमुख सर्त नै लैङ्गिक समानता हो, यो व्यवहार मै देखिनु पर्दछ ।**

# आज उधौली पर्व मनाइँदै



किराँत समुदायका याक्खाले चासुवा, सुनुवारले फोलस्यादर, राईले उधौली सकेला र लिम्बूले चासोक तङ्नाम पर्वका नाममा उधौली धुमधामसँग मनाउँदै छन् । लिम्बूले चासोक तङ्नाम पर्व तीन दिनअघि नै मनाउन शुरु गरेका थिए ।

यो पर्वको पहिलो दिन थियो । आज संयुक्तरूपमा किराँत समुदायका सबै समुदायले उधौली सकेला अर्थात् उधौली पर्व मनाउँछन् । किराँत संस्कृतिका बारेमा अनुसन्धानरत् कीर्तिकुमार दुमी राई किराँतभित्रका जातजातिले यो पर्वलाई फरक-फरक नाम दिए पनि समग्रमा उधौलीका नामले चिनिने बताउँछन् ।

किराँत समुदायले आफूले लगाएको अन्नबाली पाकेपछि आफ्नो इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिनलाई याक्खाले चासुवा, सुनुवारले फोलस्यादर, राईले उधौली सकेला र लिम्बूले चासोक तङ्नाम पर्वका नाममा मनाउँछन् । बाली लगाउने बेलामा भने किराँत जातिमा यावा अर्थात् उभौंली पर्व मनाइने प्रचलन छ ।

भूमि पूजाका लागि बिहानैदेखि किराँत महिला तथा पुरुष जातीय भेषभूषामा सजिएर च्याब्रङ बाजाको तालमा धाननाच नाच्दै पर्व मनाउने स्थानमा पुग्छन् । पर्व र रीतिरिवाज एउटै भए पनि आ-आफ्नो भाषा अनुसार पर्वलाई पुकार्ने चलन छ । ललितपुरको सानो हात्तीवन किराँतकालदेखिको ऐतिहासिक धार्मिक तीर्थस्थल मानिन्छ । किराँतको ऐतिहासिक पवित्र धार्मिकस्थल सानो हात्तीवनमा आज किराँत चाड विशेषरुपमा मनाइन्छ । लिम्बूले युमासामाङ र थेवासामाङलाई आफ्नो इष्टदेवता मान्छन् भने किराँत तागेरा निङ्वाफुमाङलाई आफ्नो देवताका रूपमा पुज्ने गर्छन् । तागेरा निङ्वाफुमाङ्लाई आकृतिबिनाको अदृश्य शक्ति मानिने भएकाले मूर्ति वा प्रतिमा नहुने भनाइ छ ।

पूजापछि आ-आफ्नो परम्परा अनुसार चण्डीनाच, च्याब्रुङनाच, ढोलनाच लगायतका नाच नाचेर मनोरञ्जन गर्छन् । पर्व मनाउन त्यहाँ भेला भएका किराँतले आफ्नो परम्परगत सांस्कृतिक कार्यक्रम र विभिन्न खेलकुद प्रतियोगिता पनि आयोजना गर्ने परम्परा छ । वैशाख शुक्ल पूर्णिमामा उभौली पूजा गरेका किराँतले आज उधौली पूजा गरेपछि माथिबाट तल झर्ने गर्छन् । जसलाई पर्यावरण अनुकूलता अनुरुपका कामका रुपमा समेत लिइने राईले बताए । जाडोमा तल झर्ने गर्मीमा माथि लेकमा जाने रुपमा पनि उधौली र उभौली पर्वलाई लिने गरिन्छ ।

उभौलीमा खेतीपाती राम्रो होस् भनी पूजा गर्ने र उधौलीमा खेतीपाती राम्रो गरेकामा साकेला (भूमे)लाई धन्यवाद दिने पर्वका रुपमा मनाउने गरिएको विश्वास समेत किराँत जातिमा छ । दुबै पर्वलाई किराँत समुदायले भव्यरुपमा मनाउँछन् ।

खस आर्यले मनाउने धान्यपूर्णिमा, नेवार समुदायले मनाउने योमरी पुन्हि अर्थात् योमरी पूर्णिमा र किराँत समुदायले मनाउने उधौली पर्वको भाव भने एकै छ । नयाँ अन्नबाली भित्र्याएपछि आ-आफूले मानेका देवीदेवतालाई चढाएर खाने परम्परा । यस पर्वका अवसरमा विगतमा काटिएको बिदालाई सरकारले पुनःदिन थालेको छ । सार्वजनिक बिदा दिइएको छ । पूर्वी पहाडी जिल्लामा किराँत समुदायले उभौली पर्व धुमधामका साथ मनाउने गरेका छन् ।

# खोला तर्न रकम तिर्नु परेपछि...

**झापा, मंसीर २१।** हुलाकी राजमार्ग अन्तर्गत पर्ने रतुवा खोलाको पुल निर्माण शुरु भएको १४ वर्ष भयो । तर, अहिलेसम्म सो पुल निर्माणको काम सम्पन्न नहुँदा खोला तर्न स्थानीयले पैसा तिर्दै आएका छन् ।



सामान्यतयाः खोला तर्दा पनि पैसा लाग्छ भन्ने सुन्दा धेरैलाई अनौठो लाग्न सक्छ । तर, झापा र मोरङ जोड्ने रतुवा खोला तर्न पैसा नतिरी सुखै छैन । किनकि यहाँ समयमा पक्की पुल निर्माण नभएपछि बाँसको अस्थायी पुल निर्माण गरिएको छ । सो पुल प्रयोग गरेबापत स्थानीयले पैसा तिर्नु पर्ने हुन्छ ।

बाँसको पुलबाट आउजाउ गर्दा साइकल र मोरटसाइकल तारेको क्रमशः २० र ५० रुपैयाँ तिर्नुपर्छ । प्रदेश १ को राजधानी समेत रहेको विराटनगरदेखि झापाको भद्रपुर जोड्ने हुलाकी राजमार्ग भने पूर्णरुपमा सञ्चालनमा रहेको छ, तर रतुवा खोलाको अपूरो पुलका कारण सो राजमार्ग प्रयोगमा समस्या आएको हो । यता माई र विरिङ खोलामा समेत पुन निर्माणकै चरणमा छ ।

प्रत्येक चुनाव ताका उम्मेदवारले चुनावी मुद्दा बनाइरहेको यो पुल उनीहरूले जितिसकेपछि बिर्सने गरेका कारण यहाँका स्थानीयले सधैं सास्ती खेप्दै आएको स्थानीयको भनाइ छ । मोरङ रतुवामाईका चन्द्रप्रसाद थपलियाका अनुसार मोरङ र झापा जिल्लालाई जोड्ने रतुवाखोलाको पुल निर्माण हुन थालेको लामो समय भए पनि प्रयोगमा आउन नसक्दा यी दुई जिल्लाका स्थानीयबासीले छ किलो मिटर दूरीमा रहेको भारतको फूलवरियास्थित पुल प्रयोग गर्न बाध्य हुनु परेको हो ।

एमाले अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री समेत रहेका केपी शर्मा ओलीकै निर्वाचन क्षेत्र अन्तर्गत पर्ने गौरीगञ्ज गाउँपालिका र मोरङतर्फ पूर्व रक्षामन्त्री डा. मिनेन्द्र रिजालको निर्वाचन क्षेत्र अन्तर्गतको खोलामा पर्ने पुल समयमा नबन्दा स्थानीले वर्षेनि सास्ती झेल्नु परेको हो । राष्ट्रिय राजनीतिमा प्रभावशाली मानिएका दुवै नेताको निर्वाचन क्षेत्र जोड्ने खोलामा भने स्थानीयवासीले खोला तर्दा पनि पैसा तिर्नुपर्ने बाध्यता रहेको खतिवडाले बताए ।

गौरीगञ्ज गाउँपालिकाले अपूरो अवस्थामा रहेको पुलको मुनि अर्को अस्थायी पुलबाट आउजाउ गर्न वार्षिक एक लाख ५० हजारमा खोला ठेक्का लगाएर पैसा असुल्दै आएको छ । पुल प्रयोगविहीन भएपछि मोरङ र झापा जिल्लाका मानिसहरुलाई सो खोला तर्न बर्खाको समयमा डुंगा प्रयोग गर्नुपर्ने बाध्यता छ

पश्चिममा रतुवामाई नगरपालिका-३ र पूर्वमा गौरीगञ्ज गाउँपालिका-५ जोड्ने पुल लामो समयदेखि अलपत्र अवस्थामा रहेकाले स्थानीयले निकै सास्ती व्यहोर्नु परेको गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष फूलवती राजंवशीले बताइन् । 'हिउँदमा खोलो सानो हुँदा जसोतसो तर्न सकिन्छ' -उनले भनिन्- 'बर्खामा भेलबाढी आउँदा वारपार गर्न सकिँदैन ।' -अध्यक्ष राजवंशी भन्छिन्- 'पुल नहुँदा खोलाबाट जोखिमपूर्ण यात्रा गर्नुपर्ने हुन्छ, अलपत्र अवस्थामा रहेको पुल निर्माण सम्पन्न गरिदिन पटक/पटक सम्बन्धित निकार्यलाई गुहारे पनि सुनवाई भएको छैन ।' उनले प्रदेश र केन्द्रका मन्त्री र पुल निर्माण आयोजनाका प्रतिनिधिहरू आएर स्थानीयलाई पूरा हुने आश्वासन दिँदै मक्ख पारेर हिँड्ने गरेको बताइन् ।

रतुवा खोलामा पुल हुने हो भने गौरीगञ्जदेखि विराटनगरसम्मको दूरी ४५ किलो मिटरमा तय हुन्छ । तर, त्यस भेगका नागरिक दमक, इटहरी हुँदै एक सय किलोमिटर पार गरेर जान बाध्य हुने अवस्था रहेको बताइन् । अध्यक्ष राजवंशीका अनुसार झापा र मोरङ दुई जिल्लाका सर्वसाधारणलाई खोला वारपार गर्न मात्र होइन, स्थानीय उत्पादन बजारसम्म पुर्‍याउन समेत निकै समस्या हुने गरेको छ । पुल सञ्चालनमा ल्याउने क्रममा ड्याम उठाउँदै पुलसम्म पुग्ने बाटो बनाउन गौरीगञ्जले आठ लाख रुपैयाँ खर्च गरेको थियो । तर, बर्खा लागेसँगै खोलाले बोरामा बालुवा हालेर ड्याम उठाउँदै पुलको दायाँ-बायाँ तारजाली गरेर बनाइएको अस्थायी बाटो बगाइदिएको उनले बताइन् ।

रतुवामाई नगरपालिकाका उपमेयर दमन्तादेवी चुडालले पनि लामो समयदेखि पुल अलपत्र भएपछि पूरा गर्न पहल गरे पनि आफ्ना कुरा सुनुवाई नहुँदा पुल निर्माण कार्यले पूर्णता पाउन नसकेको बताइन् ।

नगरपालिकाको सामार्थ्यले अपूरो पुल सम्पन्न गर्न सम्भव नभएको हुँदा हुलाकी राजमार्ग अन्तर्गत पर्ने झापा र मोरङ दुई जिल्ला जोड्ने रतुवाको अपुरो पुल निर्माण गरिदिन तीन महिनाअघि मात्र डा. मिलेन्द्र रिजाल र पुल आयोजनाका प्रतिनिधिसहितको टोली आएर पुल निर्माणको काम अघि बढ्ने आश्वास दिएका थिए । तर, अहिलेसम्म कुनै प्रगति नभएको उपमेयर चुडालले बताइन् ।

रतुवामाई नगरपालिका-३ स्थित मिर्ताडाँगी टोल रतुवा खोलापारि पनि छ । यो पुल गौरीगञ्ज र रतुवामाईका अधिकांश स्थानको 'लाइफलाइन' भएको उपमेयर चुडालको भनाइ छ । उपमेयर चुडालका अनुसार बर्खाको समयमा पुल प्रयोग विहीन अवस्थामा हुँदा पैसा तिरेर डुंगा चढी आवत-जावत गर्नुपर्ने अवस्था छ ।

मोरङ-सुनसरी पुल आयोजनाले आर्थिक वर्ष २०६४/०६५ मा कालिका-ओसिए जेभीलाई निर्माण ठेक्का दिएको थियो । भ्याटसहित १० करोड ३२ लाख ९१ हजारमा ठेक्का पाएको निर्माण कम्पनीले राष्ट्रिय ढिकुटीबाट पैसा लिए पनि पुल निर्माण पूरा गरेको छैन । प्रदेश १ को राजधानी विराटनगरदेखि झापाको भद्रपुर जोड्ने हुलाकी राजमार्ग पूर्णरूपमा सञ्चालनमा रहे पनि रतुवा पुलका कारण सो राजमार्ग प्रयोगमा समस्या भएको छ । अहिले रतुवा खोलाको मध्य भागमा पुल बनेको छ तर किनारसम्म बन्न सकेको छैन ।

पुलको मोरङ तर्फको भागमा खोलाको ठूलो भँगालो बग्ने भएकाले खोला वारपार गर्न समस्या छ । त्यसैले हुलाकी मार्ग हुँदै मोरङको रतुवामाई र झापाको गौरीगञ्ज आउजाउ गर्दा भारतीय बाटो प्रयोग नगरेको खण्डमा खोला तरेको पैसा तिर्नुपर्ने स्थानीयको बाध्यता छ ।

# जुकेखाडीको बजेट तीन करोड २४ लाखभन्दा बढी

**अर्जुनधारा, मंसीर २१।** अर्जुनधारा-३ स्थित जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहको २७औं वार्षिकोत्सव एवम् उपभोक्ता भेला सम्पन्न भएको छ ।



समूहको कार्यालय प्राङ्गणमा अध्यक्ष झरीन्द्रकुमार खड्काको अध्यक्षतामा आयोजित उक्त भेलाको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङले उद्घाटन गरेका थिए । भेलामा समूहका अध्यक्ष खड्काले समूहको वार्षिक प्रगति प्रतिवेदन, पर्यापर्यटन उपाध्यक्ष शुक्रराज दुलाल 'दीपक'ले समूह अन्तर्गत रहेको कैदले पर्यापर्यटनको प्रगति प्रतिवेदन, लेखा समितिका संयोजक शंकर घिमिरेले आन्तरिक लेखा प्रतिवेदन र कोषाध्यक्ष मनिता इङ्नाम लिम्बूले चालू आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदन अनुसार गत आर्थिक वर्ष २०७८/०७९ मा तीन करोड ३७ लाख ६३ हजार चार सय १३ रुपैयाँ २२ पैसा बराबरको आर्थिक कारोबार गरेको समूहले चालू आर्थिक वर्षको लागि भेलामा अनुमानित तीन करोड २४ लाख ८४ हजार आठ सय ४० रुपैयाँ बराबरको बजेट, नीति तथा कार्यक्रम पेस गरेको थियो । जसमा अन्य खर्चतर्फ ७१ लाख ७२ हजार दुई सय ४५ रुपैयाँ, गरिबी न्यूनीकरणतर्फ ६६ लाख २३ हजार रुपैयाँ, कैदले पर्यापर्यटनतर्फ ५० लाख रुपैयाँ, वन विकासतर्फ ४६ लाख ५५ हजार रुपैयाँ, वन पैदावर संकलनतर्फ २२ लाख १७ हजार आठ रुपैयाँ, चालू खर्चतर्फ २० लाख १५ हजार रुपैयाँ, सार्वजनिक विकास निर्माणतर्फ २० लाख रुपैयाँ, घाटगद्दी व्यवस्थापन र लकडी चिरानतर्फ १२ लाख ५३ हजार तीन सय ८७ रुपैयाँ, फर्निचर निर्माणतर्फ ११ लाख ४९ हजार दुई सय रुपैयाँ र ट्याक्टर सञ्चालन र व्यवस्थापन खर्चतर्फ चार लाख रुपैयाँ विनियोजन गरिएको छ । पेस गरिएको उक्त बजेट लकडी, दाउरा, कृषि सामग्री र फर्निचर बिक्रीबाट आम्दानी गर्ने लक्ष्य लिइएको प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ ।

भेलामा सामुदायिक वन उपभोक्ता महासंघ झापाका अध्यक्ष वेदप्रकाश भण्डारी, अर्जुनधारा-४ वडा समितिका वडाध्यक्ष अम्बरबहादुर कटुवाल, नेकपा एमालेका नगर प्रतिनिधि हरि वाग्ले, दहीझोडा सामुदायिक वन उपभोक्ता समूहका उपाध्यक्ष अर्जुन बस्नेत लगायतले शुभकामना मन्तव्य राखेका थिए । समूहका उपाध्यक्ष नवीनकुमार ओलीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव नर्वदा दियालीले गरेका थिए ।

# बेलबारीका पाँच महिला सम्मानित

**पथरीशनिश्चरे, मंसीर २१।** लैङ्गिक हिंसाबिरुद्धको १६ दिने अभियान अन्तर्गत बेलबारी नगरपालिका क्षेत्रभित्र विभिन्न क्षेत्रमा योगदान गरिरहेका छ जना महिलाहरुलाई सम्मान गरिएको छ ।



'लैङ्गिक हिंसा रोक्न हाम्रो भूमिका' बिषयक छलफल कार्यक्रममा बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राई र उपप्रमुख नितु थापा कोइरालाले बेलबारी-१ मा रहेको दिपज्योति नारी विकास संस्थाकी अध्यक्ष पार्बती बराल, परिश्रमी सामाजिक उद्यमी महिला सहकारीकी अध्यक्ष गंगा श्रेष्ठ, सिंहदेवी आधारभूत विद्यालय बेलबारी-२ की प्रधानाध्यापक कमला निरौला, श्रीजंगा आधारभूत विद्यालय बेलबारी-४ की प्रधानध्यापक सुनिता याख्खा, महेन्द्र मावि बेलबारी-१० की प्रधाध्यापक दिक्षा तुम्सा र जनता आधारभूत विद्यालय बेलबारी-५की प्रधानध्यापक भवानी चौहानलाई दोषल्ला ओढाएर सम्मान गरिएको थियो ।

कार्यक्रममा ओरेक नेपाल विराटनगरकी सरस्वती दनुवारले महिला हिंसाका बारेमा आफ्नो धारणा व्यक्त गरेकी थिइन् । बेलबारी नगरपालिकाकी उपमेयर नितु थापाको अध्यक्षतामा भएको कार्यक्रममा नगर प्रमुख दिलप्रसाद राई लगायतले महिला हिंसाका बारेमा आफ्नो धारणा राखेका थिए । कार्यक्रम बेलबारी नगरपालिका महिला तथा बालबालिका शाखाकी कर्मचारी सम्झना अर्यालले सञ्चालन गरेकी थिइन् ।

# लागूऔषधसहित पक्राउ

**मोरङ, मंसीर २१।** विराटनगर महानगरपालिका-१५ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ६१ मिलिग्रामसहित सुनसरी इटहरी उपमहानगरपालिका-४ बस्ने २८ वर्षीय किरण मुखियालाई प्रहरीले पक्राउ गरेको छ ।

लागूऔषध नियन्त्रण ब्यूरो विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका मुखियालाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

THAKUR POLYCLINIC

यहि पौष ०२, शनिबारका दिन बिहान ८:३० देखि १:०० बजे सम्म

सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंका वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा




अब विर्तामोडमा

डा. रविन्द्र सिमखडा
MD (Internal Medicine)/DM (Cardiology)

के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?

- रक्तचाप बढ्ने
- मुटुको ढुकढुकी बढ्ने
- श्वाश फुल्ने
- उकालो चढ्न नसक्ने
- बाथ
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड
- मुटुको चालमा गडवड



अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
(+977)023-590008
(+977)9817964771

THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| सन्तोष च्यामजुङ्ग | शनिश्चरे-४ | ५५७ | ०-१-१६ | हेमबहादुर बुढाथोकी |
| खड्गबहादुर ताम्लिङ्ग लिम्बू | पराखोपी-४ | ८३८ | ०-५-० | खडानन्द संग्रौला |
| भाद्री राजवंशी | कुमरखोद-७ | ३८९ | १२९५.०० | सेल्ठा समेत |
| सुविता राजवंशी | बालुबाडी-६ | ६३२ | ३३८.६३ | हरिलाल राजवंशी |
| रामप्रसाद गौतम समेत | बाहुनडाँगी-१ | ५६९ | ०-१८-३ | इन्द्र ब. सुनुवार/इन्द्रबहादुर सुतार कार्की |


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)




पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४, झापा, फोन नं. :०२३-५३३०५६

## ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्न आउने ७ दिने सार्वजनिक सूचना

***तेस्रो पटक प्रकाशित मितिः २०७९/०८/२२***

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जा रकम चुक्ता भुक्तान गर्न मिति समाप्त भइसक्दा पनि संस्थासँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फर्स्योट नभएकोले यस संस्थाबाट पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत सोको पूर्ण व्यवस्था गरी ऋणि तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फर्स्योट गर्नेतर्फ चासो नदेखाइ आलटाल गरी बसेको हुँदा संस्थाले कर्जा असुलीका लागि २०७९ भदौ ०३ गते पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना र २०७९ कात्तिक १९ गते १५ दिने सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता नभएको हुँदा उल्लेखित ऋणिले लिएको साँवा, ब्याज, हर्जना अन्य दैदस्तुर सम्बन्धी बन्देजहरु उल्लंघन गरेको हुँदा यो दोस्रो पटक सूचना प्रकाशित गरिएको छ । तसर्थ, यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा संस्थामा सम्पर्क राखी यस संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम ( कर्जाको साँवा, ब्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत) चुक्ता गर्नुहुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, सहकारी नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखित तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम तपशिलको धितोबाट कर्जा असुल उपर गरिने व्यहोरा सम्बन्धित तपशिलका ऋणिलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**ऋणिको नाम** :- बिमला फुयल
बाबुको नाम :- जितबहादुर कार्की
बाजेको नाम :- दिर्घबहादुर कार्की
सुसुरा/बाजेको नाम :- मोहनलाल फुयल
पतिको नाम :- तुलसी फुयल
ना.प्र.नं. :- ०४१०१२/२११४ (जारी मिति :- २०६७/०३/०२)
स्थायी ठेगाना :- बिर्तामोड नपा-५ (हालको ठेगाना :- अर्जुनधारा नपा-६)



**धितो जमानत दिनेको नाम, थर, ठेगाना र तिनपुस्ते**
नाम :- तुलसी फुयल
बाबुको नाम :- मोहनलाल फुयल
बाजेको नाम :- अभिनारायण फुयल
ना. प्र. नं. :- २७७१/१९७६ (जारी मिति :- २०६०/०५/१५)
स्थायी ठेगाना :- मंगलबारे- १, इलाम (हालको ठेगाना :- अर्जुनधारा नपा-६)



**धितोको विवरण**
जग्गाधनीको नाम :- बिमला फुयल
ठेगाना :- गरामनी-९, पथरभिट्टा (झापा)
जिल्ला :- झापा
सिट नं. :- १७९०२७८
कित्ता नं. :- ८३६
क्षेत्रफल :- ११००.५५ वर्गमिटर





सबै डाक्टरहरूलाई प्रत्येक हप्ताको शनिबार बिहान ८:00 बजे पछि भेट्न सकिने छ ।

यहाँ सुगर र पेशरको निः शुल्क जाँच गरिन्छ ।

CARE FIRST PHARMACY & Diagnostic Centre

बिर्तामोड, झापा (पुरानो ईलाम स्टेन, गाँउले होटल अगाडी)



डा.निस्तुक बराल
Consultant Dermatologist
MBBS,MD NMC No. 16919

फोन नं.: ०२३ ५९०६५७, ९८१४०९२९२३, ९८६२८६३९५४

## UAE र KUWAIT को KFC RESTURENT मा रोजगारीको सुवर्ण अवसर

कम्पनी : KFC RESTURANT  देश : DUBAI  L.T. No. : 267376

| सि.नं. | पद | संख्या | तलब | खाना/बस्न | काम | करार |
|---|---|---|---|---|---|---|
| 1. | Team Members (महिला) | 120 | 1200/- AED | छ/छ | ८ घण्टा २६ दिन | २ बर्ष |
| 2. | Team Members (पुरुष) | 50 | 1200/- AED | | | |

उमेर: १९ वर्षदेखि ३० वर्षसम्मको हुनुपर्नेछ । अंग्रेजी राम्रोसँग बोल्न सक्ने हुनुपर्नेछ ।

कम्पनी : KFC RESTURANT  देश : KUWAIT

| सि.नं. | पद | संख्या | तलब | खाना/बस्न | काम | करार |
|---|---|---|---|---|---|---|
| 1. | Cleaner (महिला) | 120 | 120/- KD | छ/छ | ८ घण्टा २६ दिन | २ बर्ष |

उमेर: ३० वर्षदेखि ३२ वर्षसम्मको हुनुपर्नेछ । सामान्य अंग्रेजी बोल्न सक्ने हुनुपर्नेछ ।
अन्तरवार्तामा आउँदा सक्कल राहदानी, एकप्रति पासपोर्ट साइजको फोटो लिएर आउनुपर्नेछ ।

यसको फाइनल अन्तरवार्ता मंसीर २३ गते (09 Dec.) शुक्रबार बिर्तामोड सिद्धार्थ होटलमा हुँदैछ ।

## साउन्ड लाइन्स रिक्रुटमेन्ट प्रा.लि.

शाखा कार्यालय बिर्तामोड, झापा विनायक होटल छेउ
सम्पर्क : 023-546663, 9826969623, 9817978774, 9808465610, 9814984440


"इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो"

## हार्दिक श्रद्धाञ्जली/समवेदना

जन्मः-
वि.सं. २०२७
साउन १७ गते



निधन :-
वि. सं. २०७९
मंसीर ०९ गते


**स्व. हेमु प्रसाई**

हाम्रा आदरणीय दाजु तथा प्यारो भाइ **हेमु प्रसाई**को यही मिति २०७९ मंसीर ९ गते भएको अकल्पनीय असामयिक निधनले हामीलाई अत्यन्तै दुःखी, स्तब्ध एवम् मर्माहत बनाएको छ ।

दुःखको यस क्षणमा दिवंगत आत्माको सायुज्य मुक्ति र बैकुण्ठबासको कामनासहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकको पीडादायी क्षणमा रहनुभएकी आमा रूपादेवी प्रसाई, श्रीमती निस्मा घिमिरे प्रसाई, छोरा संयम प्रसाई, छोरी सांम्भावी प्रसाई लगायत समस्त परिवारजनमा शोकलाई शक्तिमा बदल्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**भान्जा दाइ : लयप्रसाद मैनाली    भाइ : हेमन्त प्रसाई**

एवम् **समस्त प्रसाई परिवार**



[redacted]प्रसाद पौडेल
[redacted]८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको आजको दिन उत्तमसिद्धी रहेको छ ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुर्‍याउनुहोला, प्रियजनसँग भेट हुने समय [redacted] छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनतले राम्रो परिणाम [redacted] फाइदा [redacted] काम प्रारम्भ हुने समय [redacted] जीवन [redacted] रहला, उत्साह बढ्ने योग [redacted]

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आज तपाईलाई यथेष्ट धन लाभको योग छ, बोली तथा [redacted] वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग [redacted] रहला ।

[redacted] **प, पि, पु, ष, ण, ठ, पे, पो) -** [redacted] पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो [redacted] गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क [redacted]

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, तपाईको मन हर्षित रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्नेछन्, मन प्रसन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।